"कृषि विकास र भौतिक पुर्वाधारको लहर, रतुवामाई नगरपालिकालाई समृद्ध बनाउने हाम्रो रहर"

# रतुवामाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सिजुवा, मोरङ
### कोशी प्रदेश, नेपाल

**रतुवामाई नगरपालकि क्षेत्र भित्रका प्रारम्भिक वातावरणीय परिक्षण(IEE) भएका रतुवा र बक्राहा नदि/खोलावाट उत्खनन संकलन गरि विक्री वितरण हुने भरोटको खोला विक्री मूल्य असुली गर्ने ठेक्का वन्दोवस्ती सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०४/०४**
**दोश्रो पटक प्रकाशित मिति : २०८०/०४/२१**

स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा ६२ (क) मा व्यवस्था भए बमोजिम यस रतुवामाई नगरपालिका नगर कार्यपालिकाको कार्यालयको निर्णय अनुसार तपशिलमा उल्लेखित नदि /खोलाहरुको स्वीकृत घाटहरुवाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन गरि तोकिएको दरमा विक्री गर्ने गरि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न गरि तपशिल बमोजिमका शर्तहरुको अधिनमा रहि दरभाउपत्र प्रक्रियामा सहभागि हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल :

| क्र. सं. | ठेक्का नं. | विवरण | परिमाण | न्यूतम ठेक्का अंक (कर वाहेक) रु. | धरौटी रकम रु. | दरभाउपत्र फारम दस्तुर रु. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | रतुवामाई रा./०२/०८०)/०८१ | रतुवामाई नगरपालकिा क्षेत्र भित्रका प्रारम्भिक वातावरणीय परिक्षण( IEE) भएका रतुवा र बक्राहा नदि/खोलावाट उत्खनन संकलन गरि विक्री वितरण हुने भरोटको खोला विक्री मूल्य असुली | १०,३०५।५० घ.मि | १३,६४,९५७।८ | ४०,०००।०० | १००० | २०८०।०४।२८ कार्यालय समय भित्र | २०८०।०४।२९ दिनको १२:०० सम्म | २०८०।०४।२९ दिनको २:०० वजे |

**शर्तहरु :**

१. दरभाउपत्र फारम दस्तुर रु. १०००।०० (एक हजार मात्र) यस कार्यालयको राजश्व शाखामा नगदै बुझाएको रसिद वा रतुवामाई नगरपालिका सिजुवा स्थित नेपाल इन्वेस्मेन्ट मेगा बैंक लि. मा रहेको यस कार्यालयको आन्तरीक राजश्व खाता नं. ०९७०१४००००००९३ मा रकम जम्मा गरेको सक्कल भौचर सहित पेश गरि दरभाउपत्र फारम खरिद गर्न सकिनेछ।

२. शिलबन्दी दरभाउपत्र फारम दर्ता भएको दिन, दिनको २:०० वजे यस कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताको प्रतिनिधिको रोहवरमा उल्लेखित मिति र समयमा खोलिनेछ। उक्त समयमा दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न यस कार्यालयलाई कुनै वाधा पर्ने छैन।

३. दरभाउपत्र पेश गर्दा उल्लेखित रकम वरावरको धरौटी वापतको रकम यस कार्यालयको रतुवामाई नगरपालिका सिजुवा स्थित नेपाल इन्वेस्मेन्ट मेगा बैंक लि. मा रहेको धरौटी खाता नं. ०९७०१४००००००३१ मा नगदै जम्मा गरेको सक्कल भौचर वा पेश गर्ने अन्तिम मितिवाट ७५ दिन मान्य अवधि भएको नेपाल सरकारवाट मान्यता प्राप्त **क** वर्गको वाणिज्य बैंकहरुले वा इजाजत प्राप्त बितिय संस्थाले जारी गरेको (सम्बन्धीत कार्यको नाम तथा ठेक्का नम्बर उल्लेख भएको) बैक ग्यारेण्टी संलग्न गरि पेश गनुपर्नेछ।

४. दरभाउपत्रदाताले आफुले कबोल गरेको ठेक्काको रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखि छाप लगाई पेश गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । दरभाउपत्र खरिद गर्ने वा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य लगत्तै कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. दरभाउपत्र स्वीकृत भई सम्झौता गर्न आउने जानकारी पाएको ७ (सात) दिन भित्र सम्झौता गर्न नआएमा कानून अनुसार हुनेछ ।

६. ठेक्का सम्झौताको समयमा दरभाउपत्रदाताले पहिलो किस्ता वापत कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम र कबोल अंकको १३ प्रतिशत मुल्य अभिबृद्धि कर (भ्याट) यस कार्यालयको नेपाल इन्वेस्टमेन्ट मेगा बैंक सिजुवा शाखामा रहेको नपा स्थानीय तह विभाजिय कोष खाता नं. ग-६-१,०९७०१४०००००८६ मा जम्मा गनुपर्नेछ ।

७. दरभाउपत्रदाताले सम्झौता समयमा कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ठ बुझाएमा १० प्रतिशत रकम छुट सुविधा दिन सकिनेछ ।

८. दरभाउपत्रदाताले सम्पूर्ण रकम एकमुष्ठ रुपमा नबुझाई किस्ता वन्दीको रुपमा बुझाउने भएमा ठेक्का सम्झौता हुदा बुझाएको रकम वाहेक कबोल अंकको बाँकी रहेको रकम नेपाल इन्वेस्टमेन्ट मेगा बैंक लि. मा रहेको धरौटी खाता नं. ०९७०१४००००००३१ मा नगदै जम्मा गनुपर्नेछ । नगदै जम्मा नगरेमा उक्त रकम वरावरको नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकले जारी गरेको २०८० असार मसान्त सम्म मान्य अवधि भएको बैंक ग्यारेण्टी पेश गनुपर्नेछ ।

९. यस कार्यको ठेक्का अवधि २०८१ जेठ मसान्त सम्मको लागि मात्र रहनेछ ।

१०. ठेक्का सम्झौता भई सकेपछि कुनै बन्द हडताल वा अन्य कुनै कारणवाट ठेक्का रकममा कुनै प्रकारको छुट मिनाहा माफी दिईने छैन ।

११. भरौटको संकलन र विक्री शुल्क १ नं प्रदेश सरकारको आर्थिक ऐन २०७६ को अनुसूचि-५ बमोजिम हुनेछ साथै संकलन गर्ने कार्य विहान सूर्योदय देखि साँझ सूर्यास्त सम्म मात्र हुनेछ ।

१२. दरभाउपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत मूल्य अभिबृद्धि कर (भ्याट) समेत यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर दरभाउपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

१३.दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा ठेक्का नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१४. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरि नियमानुसार दरभाउपत्र बन्दोवस्त गरिनेछ । यस नगरपालिकाका नदि/खोला उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, सौसँग सम्बन्धित अन्य प्रचलित नियम कानून तथा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयवाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस दरभाउपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

१५. यो सूचनामा उल्लेख भएको हकमा यसै बमोजिम र अन्यको हकमा प्रचलित ऐन नियम तथा नगरपालिकाको निर्णय अनुसार हुनेछ । यस कार्य सम्बन्धि कुनै कुरा संशोधन गर्नुपर्ने वा सच्याउनु पर्ने भएमा कार्यालयको वेभसाईट **www.ratuwamaimun.gov.np** वा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

रतुवामाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिजुवा, मोरङ
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत